**विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ लाई समयानुकूल संशोधनका लागि ठोस राय सुझाव समेटी कार्यान्वयन खाकासहितको अध्ययन प्रतिवेदन पेश गर्न मिति २०८१।४।२४ को निर्णयानुसार प्रा डा विनिल अर्यालयको संयोजकत्वमा गठित विज्ञ उपसितिको प्रतिवेदन २०८१ मा उल्लेख भएका सिफारिसहरू निम्नानुसार रहेको सूचित गरिन्छ।**

## क) कानुनी तथा संस्थागत प्रबन्ध

- विद्यमान ऐन तथा कानुनहरूमा विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूको सम्बन्धमा कही कतै ठोस रूपमा कानुनी व्यवस्था नभएको हुँदा ती कलेजहरूलाई व्यवस्थित, नियमि  तथा गुणस्तरीय बनाउनका लागि आवश्यक कानुनी प्रर्वद्धन गर्नका लागि छुट्टै ऐनको व्यवस्था गर्नुपर्ने।
- सुशासन ऐन २०६४ को दफा ४५ नेपाल सरकारले सरकारी कार्यालयको काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययीरूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यक निर्देशिका वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ भन्ने व्यवस्थालाई वैकल्पिक व्यवस्थाको रूपमा राख्न सकिने।
- विदेशी शिक्षण संस्थाको सम्बन्धनमा सञ्चालित कलेजहरूको गुणस्तर सुनिश्चितता र प्राज्ञिक अनुगमनका लागि विश्वविद्यालय अनुदान आयोगमा छुट्टै शाखा रहने आयोगलाई जिम्मेवारी दिने।
- मन्त्रालयले यस्ता कलेजहरू सम्बन्धी नीति तथा मापदण्ड निर्माणका साथै सका आधारमा विभिन्न निकायहरूसँग समन्वय र कलेज सञ्चालन अनुमति, नवीकरण तथा खारेजी लगायतका प्रशासनिक कार्यहरू गर्ने।

## ख) विश्व वरियता र गुणस्तर प्रत्यायन

- सञ्चालित शैक्षिक कार्यक्रमहरू सम्बन्धन प्रदान गर्ने विदेशी विश्वविद्यालयहरूले आफ्नो संस्थागत **(Institutional)** र शैक्षिक कार्यक्रम **(Academic Program)** दुबैको **QAA (Quality Assurence and Accreditation)** प्राप्त गरेको हुनुपर्ने। शैक्षिक गुणस्तर प्राप्त गर्ने सन्दर्भमा नेपालमा अवस्थित विश्वविद्यालयहरू समेत अनिवार्य **QAA** को प्रक्रियामा जानैपर्ने नीतिगत व्यास्था हुँदै गरेको सन्दर्भमा यी कलेजहरूमा सञ्चालित शैक्षिक कार्यक्रमहरू **QAA** प्राप्त गरेको हुनै पर्ने सिफारिस गरिन्छ ।
- नेपालमा सञ्चालन कलेजहरूले राज्यले निर्धारण गरेको मापदण्ड अनुसारको **QAA (Institutional)** प्रक्रियामा अनिवार्य रूपले जानै पर्ने व्यवस्था हुनपर्ने।
- सम्बन्धन प्रदान गर्ने विदेशी विश्वविद्यालयहरू **Times Higher Education World University Ranking (THE-WUR)** को १००० भित्र हुनै पर्ने व्यवस्था अनिवार्य गर्नु पर्ने र वरियता कुन वर्षको हो भन्दा पनि त्यो विश्वविद्यालयले बितेको ५ वर्षमा कुनै वर्ष १००० भित्र रहिसकेको र निरन्तर आवेदन दिएको हुनुपर्ने।
- **QS World University Rankings** को १००० भित्र परेका विदेशी विश्वविद्यालयहरूलाई पनि सम्बन्धन प्रदान गर्न अनुमति दिने र यस वरियताको सूचकहरूमा अनुसन्धान कार्यहरूको गुण्स्तर र पेटेन्ट पनि रहेको तथा यो वरियता पाएका विश्वविद्यालयहरूले Labor Market Driven Policy अन्तरगतको बजारमुखी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको हुँदा यस वरियतालाई समावेश गर्नुपर्ने देखिन्छ। त्यस्तै Shanghai Jiao Tong University Ranking चिनको एउटा विश्वविद्यालयले स्थापना गरेको र त्यसको सूचकहरूमा इतिहास र विद्यार्थीहरूको सङ्ख्या समेतलाई राखिएको हुँदा यसलाई निर्देशिकाबाट हटाउनुपर्ने।
- माथि उल्लिखित QAA र Ranking को मापदण्ड भित्र परेका विदेशी विश्वविद्यालयहरूमा सञ्चालित तर नेपाली विश्वविद्यालयहरूमा सञ्चालनमा नरहेका नयाँ शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने गरी तोकिएका कानुन अनुसारका मापदण्ड पूरा गरी नयाँ अनुमतिका लागि

आवेदन प्राप्त भएमा मन्त्रालयले आवश्यकता बमोजिम अनुमति प्रदान गर्ने। अनुमति प्रदान गर्दा जनसङ्ख्या र भूगोल तथा अन्य आवश्यकतालाई मध्यनजर गरिनुपर्ने।

- माथि उल्लिखित QAA को हकमा ३ वर्ष र वरियताको हकमा ५ वर्षको अवधि तोकेर मापदण्ड पूरा गर्न अवसर दिनुपर्ने। यसका लागि विश्वविद्यालयको स्विचिङ् गर्न मन्त्रालयले सहजीकरण गर्नुपर्ने।

## ग) विद्यार्थी भर्ना तथा अभिलेख

- सञ्चालित कार्यक्रमहरू र विद्यार्थीहरूको तथ्याङ्क विश्वविद्यालय अनुदान आयोगको अभिलेखमा हुनुपर्ने र नेपालमा अवस्थित सम्पूर्ण शैक्षिक कार्यक्रमहरू, तिनका पूर्वाधारहरू र विद्यार्थीहरूको डेटा अनिवार्य रूपले अनुदान आयोगको वार्षिक रिपोर्टमा हुनुपर्ने व्यवस्था गर्नुपर्ने।
- सञ्चालित कार्यक्रमहरूमा विद्यार्थी सङ्ख्याबारे निश्चितता हुनै पर्ने। कुनै पनि शैक्षिक संस्थाको निश्चत भौतिक र शैक्षिक पूर्वधार हुने गर्दछ र सोहीअनुसार विद्यार्थीको सङ्ख्या निर्धारण हुने गर्छ। साथै कक्षामा विद्यार्थीको सङ्ख्या पनि निश्चत हुनुपर्छ। प्रयोगशालामा त यो अझै महत्त्वपूर्ण हुन्छ । उच्च शिक्षाको अन्तराष्ट्रिय मापदण्डमा प्रति विद्यार्थी ५ घन मिटर, प्रति १० विद्यार्थी १ शिक्षक र प्रति २० विद्यार्थी १ कर्मचारी रहेको छ (https://www.iso.org/standards.html) । तसर्थ निश्चित विद्यार्थी सङ्ख्या तोक्न विश्वविद्यालय अनुदान आयोगको मापदण्ड प्रयोग गरी कोटा निर्धारण गर्नुपर्ने देखिन्छ। यसका लागि विश्वविद्यालय अनुदान आयोगको प्राविधिक सहयोगमा मन्त्रालयले कोटा निर्धारण गरिनु पर्ने।
- जुन पनि समयमा र वर्षको जति पटक पनि भर्ना लिनु हुँदैन। शैक्षिक कार्यक्रमको प्रकृति अनुसार वर्षको १ पटक अनिवार्य र बढीमा २ पटक गरी शैक्षिक क्यालेन्डरमा तोकिएको मितिमा विद्यार्थी भर्ना लिनुपर्ने। साथै अध्ययनरत विद्यार्थीहरूको सूची पनि अनिवार्य रूपले वेबपेजमा राख्नुपर्ने । हरेक कलेजले भर्ना र परीक्षा लगायतका क्रियाकलापहरू समेटी वार्षिक कार्ययोजना बनाई मन्त्रालयमा पेस गर्नुपर्ने।

- लगातार ५ वर्षसम्म कुनै कार्यक्रमा विद्यार्थी भर्ना नगरेमा सो कार्यक्रम खारेज गर्नुपर्ने।

## क) छात्रवृत्ति

- हरेक सेमेस्टरमा छात्रवृत्ति पाएका विद्यार्थीहरूको नामावली मोबाइल नम्बरसहित अनिवार्य रूपले वेबपेजमा प्रकाशित गर्नुपर्ने।
- छात्रवृत्ति १० प्रतिशत विद्यार्थीका लागि पूर्ण निःशुल्क हुने गरी उपलब्ध गराउनुपर्ने। यसका लागि मन्त्रालयले एक कार्यविधि बनाई विद्यार्थीहरूसँग आवेदन सङ्कलन गरी समावेशीताका आधारमा पारदर्शी एवं निष्पक्ष तवरले छात्रवृत्ति वितरण गर्ने।
- कलेजले विश्वविद्यालयसँग MOU गर्दा १० प्रतिशत विद्यार्थीलाई पूर्ण निशुल्क गर्ने बुदा राख्ने।

## ख) अन्य सिफारिसहरू

- कलेजको नाम परिवर्तन गर्न नपाइने र सञ्चालन स्थान परिवर्तन गर्दा सम्बन्धित जिल्लाबाहेक अन्यन्त्र गर्न नपाइने।
- एउटै भवन परिसरमा एकभन्दा बढी नेपाली वा विदेशी विद्यालयका कार्यक्रम सञ्चालन गरेका कलेजलाई एक वर्ष भित्र अलग अलग स्थानमा कार्यक्रम सञ्चालन गर्न लगाउने र सो नगरेमा अनुमति खारेजीको प्रक्रियामा जाने।
- दुई वा सोभन्दा बढी विदेशी संस्था वा विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालन भएका कलेजलाई एक मात्र संस्था वा विश्वविद्यालयको सम्बन्धन रोज्न लगाउने र नरोजेको विश्वविद्यालयका कार्यक्रममा भर्ना बन्द गर्ने।
- विद्यमान निर्देशिकामा विदेशी संस्था वा विश्वविद्यालय भनिएकोमा नयाँ बन्ने ऐन वा निर्देशिकामा विदेशी विश्वविद्यालयमात्र उल्लेख गर्ने र विश्वविद्यालयबाहेकका अन्य संस्थाबाट सम्बन्धन वा अनुमति लिई सञ्चालनरत कलेजलाई एक वर्षभित्र विश्वविद्यालयको सम्बन्धनमा जानु पर्ने अनिवार्यता कायम गर्ने।
- मन्त्रालयले अनुगमन संयन्त्र बनाई वार्षिकरूपमा अनुगमन गरी पूर्वाधार पूरा गरेका र नगरेका कलेजहरूको नामावली प्रकाशन गर्ने र पूर्वाधार पूरा नगरेकालाई एक वर्षको समय दिई

पूर्वाधार पूरा गर्न लगाउने। त्यसपछिको अनुगमनमा पनि पूर्वाधार पूरा नगरेको पाइएमा सचेत गराउने र त्यस पछिको अनुगमनका क्रममा पनि पूर्वाधार पूरा नगरेको पाइएमा त्यस्ता कलेजमा भर्ना रोकी खारेज गर्ने प्रक्रियामा जाने।

- प्रत्येक कलेजले छुट्टा छुट्टै डेडिकेटेड पूर्णकालीन प्रिन्सिपलको व्यवस्था गर्नु पर्ने अन्यथा गरेकोमा कारबाही गर्ने।
- हरेक कलेजले मन्त्रालयले उपलब्ध गराएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष माघ महिना भित्र पेस गर्नुपर्ने।
- यस विज्ञ उपसमितिको प्रतिवेदन तथा यस अगाडि भएका विभिन्न समिति तथा कार्यदलको प्रतिवेदनमा भएका सिफारिसका आधारमा नयाँ ऐन वा निर्देशिका बनाई यी कलेजहरूको अझ प्रभावकारी रुपमा नियमन तथा व्यवस्थापन गर्ने ।